# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## माण्डवी गाउँपालिका

### प्यूठान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## माण्डवी गाउँपालिका

### प्यूठान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश)

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७९।८०
च.नं. ६९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
माण्डवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
प्युठान ।

**कैफियत सहितको राय**

हामीले माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ९९ लाख १८ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.३७ लाख २४ हजार फछ्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ५७ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ११ हजार र पेश्की रू.१ लाख ७९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.३४ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड ९६ लाख २६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएके अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

# माण्डवी गाउँपालिका, प्यूठान

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १८ | १८ | २९९१८ | ० | ३ | ३७२४ | १८ | १५ | २६१९४ | २१ | २११ | २५७८३ | ० | ० | २५९९४ | १७९ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|
| २५.१ | बढी भुक्तानी | २४००० |
| २५.३ | प्रमाण पेश | ५००००० |
| २६ | पेश्की बाँकी | ३२००००० |
| | **जम्मा** | **३७२४०००** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| माण्डवी गाउँपालिका, प्यूठान | ३४३२ | ० | ० | ३४३२ | ० | २६१९४ | २९६२६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : माण्डवी गाउँपालिका, प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Prakash Pandey | २०७९-५-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Madhav K.C | २०७९-७-६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,१९३,७८३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,१०,०९,२१६.७४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६,६१,८८,०२९.६ | **चालु खर्च** | २२,२६,७२,७०५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,०८,९६,०८४ | **पूँजीगत खर्च** | १३,७१,९७,४७७ |
| **राजश्व बाँडफाँट** | ७,०९,५४,९३०.३ | **वित्तीय/अन्य व्यवस्था** | १०,१४,१०,४६३ |
| **आन्तरिक आय** | ५३,२६,८६०.९८ | | |
| **अन्य आय** | ११,३२,७१,९२९.७ | | |
| **कुल आय** | ४८,६६,३७,८३४.५८ | **कुल खर्च** | ४६,१२,८०,६४५ |
| **बाँकी मौज्दात** | | ४,६३,५६,४०६.२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br><br>उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मुल्याङ्कन तथा लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर कार्यालयका पदाधिकारीहरुसँग मिति २०७९।०६।०९ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माण्डवी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु माण्डवी गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ११३.४१ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ भने यस पालिकाको जनसंख्या १५ हजार ७ सय ७८ रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br><br>वढी दरको प्रयोग गरी भुक्तानी भएको रु.१७०५०। लेखापरीक्षणको क्रममा असूली भएको छ । | |
| ४ | | | **स्थानीय संचित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस माण्डवी गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २१००९२१६.७४ | १ | चालु खर्च | | २२२६७२७०५ |
| २ | राजस्व (आन्तरिक आय) | | ७६२८१७९१.२४ | २ | पूँजीगत खर्च | | १३७१९७४७७ |
| | (क) आन्तरिक राजस्व | ५३२६८६०.९८ | | ३ | धरौटी फिर्ता | | ७४६८८८ |
| | (ख) राजस्व बाँडफाँट | ७०९५४९३०.३० | | ४ | कोष खर्च | | २८३२९३ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २६६१८८०२९.६० | ५ | मौज्दात | | ३८१८६९०७ |
| | (क) वित्तिय समानीकरण अनुदान | ७८६००००० | | ६ | अन्तर स्थानीय तहवाट | | |
| | (ख) सशर्त अनुदान | १७७१७९५९३ | | | (क) सामाजिक सुरक्षा | | ४८७०५९२३ |
| | (ग) समपुरक अनुदान | २१५४६१३ | | | (ख) स्थानीय पूर्वाधार प्रशासकीय भवन | | २०३५१०९३ |
| | (घ) विशेष अनुदान | ८२५३८२४ | | | (ग) एकिकृत स्वास्थ्य | | ३१३३३२६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्वाधार | | |
| ४ | प्रदेश सरकारवाट प्राप्त अनुदान | | ३०८९६०८४ | ७ | धरौटी मौज्दात | | ७३३५४५० |
| | (क) वित्तिय समानीकरण अनुदान | ३६२५००० | | ८ | कोष खाताको मौज्दात | | ८३४०५०.२० |
| | (ख) सशर्त अनुदान | ८१५८०६१ | | | | | |
| | (ग) समपुरक अनुदान | ७९४५७०७ | | | | | |
| | (घ) विशेष अनुदान | १११६७३१६ | | | | | |
| ५ | अन्तर स्थानीय तहवाट प्राप्त | | | | | | |
| | (क) सामाजिक सुरक्षा | | ४८७०५९२३ | | | | |
| | (ख) स्थानीय पूर्वाधार प्रशासकीय भवन कार्यक्रम | | २०३५१०९३ | | | | |
| | (ग) एकिकृत स्वास्थ्य पूर्वाधार | | ३१३३३२६६ | | | | |
| ६ | विभिन्न कोष तर्फको आय | | ४७९९३०९.७० | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>धरौटी आय</td><td></td><td>८०८२३३८</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>५०७६४७०५१</td><td></td><td>जम्माः</td><td></td><td>५०७६४७०५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा ऐनमा भएको व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगरेको कारण निम्नानुसार देखिएको छ ।<br><br>
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>
• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>
• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>
• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>
• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>
• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>
• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br><br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br><br>• पदाधिकारीहरुलाई मासिक अनुगमन प्रतिवेदन संलग्न नगरी अनुगमन सुबिधा खर्च लेख्ने गरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br><br>• तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन ।<br><br>• सरकारी घर जग्गाको लगत राखेको पाईएन ।<br><br>• रसिद नियन्त्रण खाता राखेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **चौमासिक खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार प्रथम चौमासिकमा ९.९० प्रतिशत, दोश्रो चौमासिकमा १६.७० प्रतिशत र तेश्रो चौमासिकमा ७३.४० प्रतिशत पूँजीगत खर्च भएको छ । यसरी तेश्रो चौमासिक अर्थात् वर्षान्तमा मात्र अधिक खर्च गर्दा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक वजेटको आधारमा खर्च गरी बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ । | |

| वजेट उपशिर्षक | वजेट र खर्च (रु.हजारमा) | | प्रथम चौमासिक (रु.हजारमा) | | दोश्रो चौमासिक (रु.हजारमा) | | तेश्रो चौमासिक (रु.हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|
| | वजेट | खर्च | वजेट | खर्च | वजेट | खर्च | वजेट | खर्च |
| चालु खर्च तर्फ | २५६९५८ | २२२६७२ | ६६६९७ | ४३९१६ | ९३४०८ | ५४५१ | ९६८५१ | १२४२४० |
| पूँजीगत खर्च तर्फ | १७४७८८ | १३७१९७ | ११११२७ | १३५८१ | ५७६६५ | २२९०६ | १०५९९६ | १००७०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **खरिद गुरु योजना**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक बर्षभन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक रु.१० करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नु पर्ने व्यवस्ठा छ । पालिकाले नियमानुसार खरिद गुरु योजना तयार गरेको देखिएन, नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित वनाउनु पर्दछ । | |
| ८ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये गत आर्थिक वर्ष सम्म फछ्र्यौट नभएको ५ र यो आर्थिक वर्षमा दर्ता भएको ३२ गरी जम्मा ३७ फछ्र्यौट गर्नुपर्ने देखिएकोमा न्यायिक समितिबाट २५ समाधान भएका छन् भने समाधानको प्रक्रियामा रहेका १२ वटा छन् । समितिमा परेका उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ९ | | | **आर्थिक सहायता**<br><br>सरकारको बार्षिक कार्यक्रममा परेका वाहेक कुनैपनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउने नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्राभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७७ मा उल्लेख छ। उपरोक्त व्यवस्था स्थानिय तहका सबै कार्यालयहरुले पालना गर्नुपर्ने समेत उल्लेख छ। कार्यपालिकाको निर्णय बमोजिम विभिन्न ६० जना गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने विपन्न, असहाय, वृदवृद्धा तथा विभिन्न कारणले आर्थिक रुपले कमजोर रहेका व्यक्तिहरुलाई निवेदन लिइ प्रमुखको तोक आदेशानुसार यो वर्ष रु.३१९८५०। आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र आर्थिक सहायता र औषधि उपचार खर्च गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **क्षेत्रगत वजेट खर्च**<br><br>स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को क्षेत्रगत वजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ | |

| सि.नः | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०४०१५६०.०० | ३४२५९८५७.०० | ९.५२ |
| २ | पूर्वाधार विकास | ८७६२००००.०० | ६७६९१०७७.७० | १८.८१ |
| ३ | सामाजिक विकास | २१४८०८०००.०० | १९२५८५४४५.६० | ५३.५२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४५६२०००.०० | ९८७०६८०.०० | २.७४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६५८५५५५८.७७ | ५५४६३१२१.१५ | १५.४१ |
| | जम्माः | ४३३२४७११८.७७ | ३५९८७०१८१.४५ | १००.०० |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कुल खर्च मध्ये सवै भन्दा वढी सामाजिक विकासमा ५३.५२ प्रतिशत र सवै भन्दा घटी संस्थागत विकास सेवा प्रवाह र सुशासनमा २.७४ प्रतिशत खर्च भएको छ । मध्य कालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सुचकहरु निर्धारण गरी सोही आधारमा वजेट सांकेतीकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी वजेट व्यवस्थापन गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ११ | | | **योजना छनौट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति ,लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरी योजना तयार हुनुपर्ने व्यवस्था छ । पालिकाले आवधिक ,मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गरेको देखिएन र योजनाको प्राथमिकिकरण गरेको समेत देखिदैन । पालिकाले आर्थिक बर्ष २०७८।७९ मा रु ७ करोड ४६ लाख ६८ हजारका २१४ योजना छनौट गरी कार्यान्वयन गरेकाेमा अधिकांश निम्नानुसार साना आयोजनाहरु छनौट गरी कार्यान्वयन गरेको देखियो ।
<table>
<tr><th>योजना संख्या</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>रु १लाख सम्मका योजना</td><td>१२६</td><td>८१३४६३१।</td></tr>
<tr><td>रु १लाख देखि रु ५ लाख सम्मका योजना</td><td>६५</td><td>१७१८७००३।</td></tr>
<tr><td>रु ५ लाख देखि १० लाख सम्मका</td><td>५</td><td>३८६५०८६।</td></tr>
<tr><td>रु १० लाख देखि २० लाख सम्मका</td><td>१२</td><td>१७१५६४००।</td></tr>
<tr><td>रु२० लाख देखि ५० लाख सम्मका</td><td>५</td><td>१४२६३४३३।</td></tr>
<tr><td>रु ५० लाख भन्दा माथिका योजनाहरु</td><td>१</td><td>१४०६१६९३।</td></tr>
<tr><td>जम्मा</td><td>२१४</td><td>७४६६८२४६।</td></tr>
</table>
साना योजना छनौट गरेर बजेट विनियोजन गरी योजना कार्यान्वयन हुदा योजनाकाे उद्देश्य पुरा नहुन सक्दछ । योजना छनौट गरी बजेट विनियोजन गरी योजना कार्यान्वयन गर्दा ठुला योजनालाई प्राथमिकता दिइ योजना छनौट गरेर बजेट विनियोजन गरी योजनाको दिगोपना र प्रतिफल प्राप्त हुने गरी योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
कोभिड खर्च
कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा आर्थिक वर्ष २०७८।७९ मा कुनै पनि रकम प्राप्त भएको छैन भने गत वर्षको बाँकी रु.३९२९६५। वाट यस वर्ष रु.२८३२९२।८० खर्च भै रु.१०९६७२।२० मौज्दात रहेको विवरण पेश भएको छ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **मूल्य अभिवृद्धिकर**<br><br>मूल्यअभिवृद्धिकर ऐन नियम अनुसार समयम मुल्य अभिवृद्धिकर दाखिला हुनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीआन्तरिक राजस्व विभागको वेभसाइटमा ननफाइलर देखिएकोले निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा मुअकर दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु | १०,३३४,८३० |

| ठेक्का नम्वर | निर्माण व्यवसायीको नाम | रनिङ विल | विल रकम | मुअकर रकम | मुअकर नम्वर | ननफाइलर |
|---|---|---|---|---|---|---|
| ९।२०७७।७८ | महादेव खिम्ति आँसु मल्लरानी जेभी | प्रथम | १३१६२८७८।८७ | १४४२५२५।८९ | ६१६०४५०३५ | २०७७।७८ |
| | | दोस्रो | ८७६४८७८।९६ | २४५०८७४।८० | | |
| ७।२०७६।७७ | आँसु मल्लरानी पि पि जे भी | दोस्रो | २८०६३९९३।४२ | ३२४६५९५। | ६१३९७४७३० | २०७८ |
| | | तेस्रो | १२८५१०९३।२४ | १४५३१३४।६२ | | |
| ८।०७७।७८ | आँसु मल्लरानी पि पि जे भी | प्रथम | ४५९३२०७।३८ | ५१६१८१।१६ | | |
| | | दोस्रो | ३५५२७७१।९८ | ४०८७२५।९८ | | |
| ३।२०७७।७८ | आँसु मल्लरानी जे भी | दोस्रो | ७०९९८०६।३७ | ८१६७९१।८९ | ६१५५१५४५६ | २०७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **नक्सा पास नभएको**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । यस गाउँपालिकावाट निर्माण भएका भवनहरुको समेत नक्सा पास नगरी भवन निर्माण नभएका केही उदाहरण निम्न रहेका छन ।

<table>
<tr><th>सि नं</th><th>भवनको नाम</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>१५शैंया अस्पताल भवन निर्माण</td><td>२०७८।३।२७</td><td>१७६२१६५२१।०४</td><td>२२६०३७५७।२६</td></tr>
<tr><td>२</td><td>गाउँपालिका प्रशासकिय भवन निर्माण</td><td>२०७७।५।२</td><td>५८४२४२८२।५९</td><td>५७७३२३९९।९८</td></tr>
<tr><td>३</td><td>मार्कबाङ्ग स्वस्थ्य चौकी भवन निर्माण</td><td>२०७८।११।१</td><td>१८५४१६०८।८१</td><td>४३२६००२।९१</td></tr>
<tr><td>४</td><td>रम्दी स्वस्थ्य चौकी भवन निर्माण</td><td>२०७९।२।१८</td><td>१६११५२३८।२२</td><td>पेश्की रु३२०००००।</td></tr>
</table>

गाउँपालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
आयोजना हस्तान्तरण नभएको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष स्वास्थ्य चौकी भवन निर्माण, शर्पदंश भवन निर्माण, सडक निर्माण जस्ता रु २ करोड ९१ लाख ९७ हजार रकमका २४४ वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १६ | | | **स्थायी लेखा नम्वर नलिएको**<br><br>१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा रोजगारीको सृजना गर्नै उद्देश्य भएमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर लिएको हुनुपर्ने व्यवस्था छ । यो बर्ष २४४ उपभोक्ता समितिबाट रु २९१९६८६७। रकमको कार्य उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत गराएकोमा यस गाउँपालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना वा रोजगारी सृजना गर्ने मुख्य उद्देश्य रहेको सुनिश्चितता हुने आधार पुष्ठी गरेर कार्य गराएको देखिएन र उपभोक्ता समिति वा लाभग्राही समुदायले आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर लिएको देखिएन । उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराउदा नियममा भएको व्यवस्थाको कार्यान्वयन नहुदा नियममा भएको व्यवस्थाको कार्यान्वयनमा असर पर्नुको साथै प्रतिस्पर्धा नहुने देखियो ।उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराउदा नियममा भएको व्यवस्था बमोजिम मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने वा रोजगारीको सृजना गर्ने सुनिश्चिता हुनुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले स्थायी लेखा नम्वर लिएको हुनुपर्दछ। | |
| १७ | | | **विद्यालय भवन निर्माण**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकम विद्यालयलाई उपलब्ध गराउदा विद्यालयसँग सम्झौता भए पश्चयात प्रथम किस्ता वापत ५० प्रतिशत, स्ट्रक्चरलको कार्य सम्पन्न भएपछि दोस्रो किस्ता वापत ३० प्रतिशत र कार्यसम्पन्न गरेपछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ । माण्डवी माध्यमिक वद्यालयलाई भौतिक निर्माणको लागि रु १ करोड ५० लाख वजेट व्यवस्था भएकोमा विद्यालयले भवन निर्माणको लागि निर्माण व्यवसायी शुभम निर्माण सेवा सँग मिति २०७८।११।२७ मा रु ८९६५९२४।६५ मा सम्झौता भएकोमा प्रथम किस्ता रु७४०००००। र अन्तिम किस्ता रु ७६०००००। समेत रु १५००००००। विद्यालयलाई अनुदान दिएकोमा | १५,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयले भवन निर्माणको लागि निर्माण व्यवसायीसँग सम्झौता भएको रकम भन्दा बढी रकम विद्यालयलाई निकासा गएको र निर्माण सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन एवं कार्य प्रगति समेत संलग्न नगरी पुरै रकम अनुदान निकासा दिएको देखियो । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएअनुसारको सम्पुर्ण प्रक्रिया पुरा गरेर अनुदान निकासा हुनुपर्ने रु | |
| १८ | | | **प्राविधिक नापजाँच**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) वमोजिम सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनु पर्ने व्यवस्था छ । पालिकाको जे.सि.वि. मिति २०७८।४।१ देखि २०७८।१२।२२ सम्म ११६४ घण्टा विभिन्न स्थानमा गएको पहिरो हटाउन तथा माटो कटिङ्गको काममा प्रयोग भएको भनि इन्धन खर्च र चालक सहचालकलाई भत्ता भुक्तानी भएको छ । तर उक्त अवधिमा गरेको कामको प्राविधिक नाप जाँच गरी नापी कितावमा कति काम भएको हो सो उल्लेख गरेको छैन । यसले गर्दा उक्त अवधिमा देखाइएको ११६४ घण्टा नै जे.सि.वि. द्धारा काम भएको हो भन्ने स्पष्ट भएन । वास्तविक कार्यसम्पादनको आधारमा प्राविधिक नाप जाँच गरी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । | |
| १९ | | | **समानिकरणबाट शिक्षकलाई तलव**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट यस बर्ष रु.६९,३७,४१७। तलब भत्ता भुक्तानी गरेको पाईयो । यस प्रकारको खर्चले पालिकालाई थप व्ययभार वढ्दै जाने भएकोले दिर्घकालिन समाधान गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २० | | | **पदाधिकारी यातायात खर्च**<br>लुम्विनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकिकरण गर्न वनेको ऐन, २०७६ को दफा ४(२) मा स्थानीय तहले सवारी साधन उपलव्ध नगराएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउने व्यवस्था छ । गाउँपालिकामा बा.२ झ. ३९७६ नम्वरको गाडी रहेको र सो को प्रयोग पालिका प्रमुख वा कार्यालयले प्रयोग गरेको यकिन गरी पालिका प्रमुखले प्रयोग गरेको भएमा यस्तो सुविधा नपाउने अवस्थामा पालिका प्रमुख | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>श्री श्रीधर रोकाले अनुसूची बमोजिमको मासिक रु.१२०००। यातायात खर्च बुझिलिएको देखिएकोले सवारी साधन प्रयोग गरेको अवस्था स्पष्ट हुनु पर्दछ । यसरी सवारी साधन उपलव्ध भएको अवस्थामा पदाधिकारीले यातायात खर्च लिनु कानून सम्मत देखिदैन । उक्त कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><br><table><tr><th>विद्यालय संख्या</th><th>शिक्षक दरवन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr><tr><td>२६</td><td>१९६</td><td>१९६</td><td>१३१</td><td>५६८९</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था वमोजिम नै गरेको पाइयो। कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने वाटो सफा गर्ने जस्ता योजना छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, पहिरो सफाई लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४९२ जनालाई रोजगारी उपलव्ध गराई रु.१५०६३४५१। खर्च गरेको छ । लक्षित वर्गलाई ३० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **सामाजिक सुरक्षा**<br><br>सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.४,८७,०५,९२३। खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।<br><br>• **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।<br><br>• **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइन ।<br><br>• **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २४ | | | **बिषादी र तरकारी विउ** | ४४८,०२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले आकस्मिक बाली संरक्षण सहयोग कार्यक्रमवाट रु.२९८३००। को विषादी र तरकारी सिड किट वितरण कार्यक्रमवाट रु.१४९७२५। को तरकारी तथा अन्य विउ खरिद गरेको छ । उक्त खरिद भएको सामग्री जिन्सी खातामा आम्दानी वाँधेको देखिएन भने वितरणको भरपाई तथा मौज्दात विवरण पनि पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.... | |
| २५ | | | **आन्तरिक लेखापरीक्षणवाट कायम** | |
| २५.१ | ४० | २०७९-३-२१ | ढुवानी बपत भुक्तानी भएको...<br><br>**........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११ ।२५ को निर्णयबाट रु.२४००० ।- सम्परीक्षण गरिएको ।)** | ० |
| २५.२ | १३६ | २०७९-१-२६ | गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने कार्यको सिलबन्दी दरभाउ पत्रको माध्यमबाट बिजय निर्माण सेवा द्वारा कार्य भएकोमा PS Items मा रु.२२000। हजार रहेको सो रकम विल वमोजिम भुक्तानी दिनुपर्नेमा रु.१५६५२। को मात्र विल पेश गर्दा सम्झौता वमोजिम सम्पूर्ण रकम भुक्तानी भएको छ । यसरी PS Items मा विल भन्दा बढी भुक्तानी हुन भएको रकम रु.६३४८। निर्माण व्यवसायीबाट अशुल गर्नु पर्ने रु... | ६,३४८ |
| २५.३ | | | **प्रमाण पेश हुनुपर्ने**<br><br>***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१३ को निर्णयबाट रु.५00000 ।- सम्परीक्षण गरिएको ।)*** | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम आर्थिक वर्षको अन्तमा फछ्यौंट गर्न बाँकी ठेक्काको म्याद रहेको र म्याद नाघेको देहायका पेश्की कानून वमोजिम फछ्यौंट गर्नुपर्ने रु...<br><br>
<table>
<tr><th rowspan="2">सि.नः</th><th rowspan="2">व.उ.शि.नः</th><th rowspan="2">पेश्की लिने संस्था/कर्मचारी</th><th colspan="2">पेश्की बाँकी</th><th rowspan="2">जम्मा पेश्की</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>गा.पा.चालु</td><td>वुटवल पावर कम्पनी लि. (विपन्न नागरिक उज्यालो)</td><td>०</td><td>१७९०२३</td><td>१७९०२३</td></tr>
<tr><td>२</td><td>सशर्त पूँजीगत</td><td>आसु/मल्लरानी जे.भी.</td><td>१५००००००</td><td>०</td><td>१५००००००</td></tr>
<tr><td>३</td><td>गा.पा.पूँजीगत</td><td>ब्राईट/जलजला जे.भी.</td><td>३७०००००</td><td>०</td><td>३७०००००</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>१८७००००००</td><td>१७९०२३</td><td>१८८७९०२३</td></tr>
</table>
<br>(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१३ को निर्णयबाट रिभिट सुवर्णावती जे भिको रु.३२००००० ।-सम्परीक्षण गरिएको ।)</td><td>१७९,०२३</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सवारी नविकरण<br><br>सरकारी वजेटवाट भुक्तानी हुने विद्युत महशुल, सञ्चार महशुल, नविकरण शुल्क लगायतका रकमहरु सम्वन्धित निकायले तोकेको समायावधिमा भुक्तानी गरी सो वापत व्यवस्था गरिएको छुटको लाभ सवै सार्वजनिक निकायले लिनु पर्दछ । पालिकामा रहेको १ पिकअप लगायत १३ सवारी साधनहरुको विगत वर्षहरुमा पनि नविकरण नगरेको कारण यस वर्ष नविकरण गर्दा थप दस्तुर रु.५४९२०। भुक्तानी भएको छ । यसरी पालिकाले समयमा नविकरण नगरी थप भुक्तानी भएको जरिवाना अनियमित देखिएको रु.....</td><td>५४,९२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **वडा सम्पर्क कार्यालय**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५(३)घ मा सेवा सुविधा वितरणको अवस्था र सुगमताको आधारमा सभाले पारित गरी वडाको केन्द्र तोक्ने व्यस्था छ । यसरी तोकिएको केन्द्र भन्दा अन्य स्थानवाट वडाको दैनिक कार्य सञ्चालन गर्ने वारेमा कुनै व्यवस्था रहेको छैन । पालिकाले विभिन्न ३ वडाहरुको तोकिएको केन्द्र भन्दा अन्य स्थानमा सम्पर्क कार्यालय स्थापना गरी सेवा दिंदै आएको छ । एकातर्फ कानूनमा व्यवस्था नभएको दुई स्थानवाट सेवा प्रवाह गर्न मिल्ने देखिदैन भने अर्को तर्फ सम्पर्क कार्यालयहरु स्थापना गर्दा घर भाडामा लिई पालिकालाई थप व्ययभार पर्न गएको छ । कानूनमा व्यवस्था नभएको वडा सम्पर्क कार्यालय वन्द गरी केन्द्रवाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्दछ । वडा सम्पर्क कार्यालय स्थापना गरी पालिकालाई थप व्ययभार पारेको अनियमित देखिएको रु.... | १५६,००० |
| २९ | | | **अग्रिम कर**<br><br>आयकर ऐन, २०५८ तथा सालवसाली आर्थिक ऐन वमोजिम अग्रिम रुपमा कर कट्टी गरी सम्वन्धितको नामबाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आँशु/मल्लरानी जे.भी.लाई भवन निर्माण वापत भुक्तानी गर्दा अग्रीम आयकर कट्टी गरेको नदेखिएकोले सो रकम असूल गर्नुपर्ने रु... | ३,२९९ |
| ३० | | | **बिद्युत महशुल छुट** | |
| ३०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा सम्पूर्ण वडाका नागरिकले २० युनिट सम्म खपत गरेको बिद्युत महशुल भुक्तानी गर्ने जस्ता घरायसी प्रयोजनमा प्रयोग हुने माण्डवीबासीहरुको लागि २० युनिट सम्म विद्युत महशुल छुट कार्यक्रम लागू गरी यस आर्थिक वर्षमा रु.१७,२७,११२। खर्च गरेको छ । लक्षित वर्ग कार्यक्रम अन्तर्गत घरायसी प्रयोजनमा प्रयोग हुने सामग्री तथा नागरिकहरुको विद्युत महशुल भुक्तानी गर्ने जस्ता कार्यक्रम गर्न मिल्ने ऐन नियम अनुसार नदेखिएकोले यस प्रकारको कार्यक्रम नियमसम्मत देखिएन । यस प्रकारको कार्यक्रममा नियन्त्रण हुनु पर्दछ । | |
| ३०.२ | | | माण्डवी गाउँपालिका वासिहरुका लागि २० युनिट वा रु.९० सम्म विद्युत महशुल छुट कार्यक्रम कार्यविधि, २०७८ को महशुल छुटहुने | ११,३३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग्रहकको स्पष्टिकरण खण्डमा मासिक २० युनिट भन्दा माथि विद्युत खपत गर्ने सम्पूर्ण ग्राहकहरुको महशुल स्वयं ग्राहकले तिर्नुपर्ने उल्लेख छ । पालिकाले २०७८ श्रावण-भाद्रको महशुल भुक्तानी गर्दा ५ वटै वडाका ९० युनिट भन्दा वढी खपत गर्ने विभिन्न १७ ग्राहकको पनि महशुल भुक्तानी दिएको देखियो । कार्यविधि वमोजिम ९० यूनिट भन्दा वढी खपत गर्ने ग्राहकको कुनै पनि महशुल पालिकाले तिर्न नमिल्ने देखिएकोले त्यस्ता ग्राहकहरुको भुक्तानी हुन गएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु... | |